# नेपाल एडुफेयर डटकम परिचय

**एडुफेयर किन ?**

एक दशक अगाडिदेखि सञ्चार माध्यम मार्फत शैक्षिक क्षेत्रमा क्रियाशील रहेको हाम्रो समुहले १० बर्षदेखि **करिअर क्विज** टेलिभिजन सो उत्पादन र प्रशारण गर्दै आएको छ । त्यसैगरी काठमाण्डौं विश्वविद्यालय स्कुल अफ मेनेजमेन्टसँगको सहकार्यमा उद्यमशीलता प्रवर्द्धन गर्ने टेलिभिजन रियालिटी सो **आईडिया स्टुडियो**को उत्पादन र प्रशारण पनि गरिरहेका छौं । हामीले क्विज सो मार्फत उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई छात्रववृत्ति प्रदान गरिरहेका छौं भने आईडिया स्टुडियो मार्फत उद्यमी बन्ने योजना सहित अगाडि बढेका यूवालाई सिड इन्भेष्टमेन्ट जुटाईरहेका छौं । अर्कोतर्फ श्रष्टासँग शिलापत्र साहित्यक कार्यक्रम गरेर साहित्यको श्रृजनात्मकता विकासमा समेत सक्रियता देखाइरहेका छौं । यि सम्पूर्ण काम गरिरहँदा हामीले शैक्षिक क्षेत्रका विशिष्टता, चुनौति र जटिलतालाई नजिकबाट नियाल्न पायौं । विशेषगरी तीब्र जोस, आँट र सपना भएका विद्यार्थीले आर्थिक समस्याका कारणा आफूले चाहेको विषय पढ्न नपाएका कयौं परिदृष्यसँग हाम्रो साक्षात्कार भयो । अर्कोतर्फ शिक्षा सम्वद्ध उचित सूचना र परामर्श नपाएका कारण कयौं विद्यार्थीहरु समस्यामा परिरहेको तथ्य पनि हामीले अनुभूत गर्‍यौ । यही सोचाई र बुझाईबाट नै नेपाल **www.nepaledufair.com** तथा **शिलापत्र उज्ज्वल छात्रवृत्ति**को श्रीगणेश भएको हो ।

**१) पृष्ठभूमीः**

सुचना प्रविधिको वृहत्तर विकास र प्रयोग पश्चात मानिसका आवश्यकता, रहनसहन र दैनिकचर्यामा ब्यापक बदलाव आएको छ । केही दशक अगाडिसम्म असम्भव र कठिन लाग्ने कार्य अचेल हरेकको सामर्थ्य र सहजताको विषय बन्न पुगेको छ । विशेषगरी नेपाली समाजको ठुलो जनसंख्याको हात हातमा पुगेको स्मार्ट फोन र गाउँगाउँसम्म विस्तारित भइरहेको ईन्टरनेट सुविधाले मानिसको कार्यशैलीसँगसँगै सोचाई र दृष्टिकोणमा समेत आमुल परिवर्तन गराईरहेको छ । यसरी बदलिएको समाजलाई सोही आवश्यकता र चाहना अनुरुप सम्वोधन गर्न सकियो वा उसले खोजेको सेवा सुविधाहरुको सहज उपलब्धता गराउन सकियो भने मात्रै समाजको स्वस्थ्यकर विकासमा सहयोग पुग्छ ।

सूचना प्रविधिले समाजका हरेक क्षेत्र, विषय तथा तह र तप्काहरुलाई प्रभावित बनाएको छ । स्वस्थ्य र समृद्ध समाज निर्माणको मुल आधार रहेको शिक्षा क्षेत्रलाई पनि सुचना प्रविधिले प्रभावित पार्नु स्वभाविक नै हो । शिक्षामा मुलतः सुचना, सीप र ज्ञान समावेश हुन्छ । यि सबै प्राप्त गर्नका लागि सुचना प्रविधि लगभग अनिवार्य नै भइसकेको छ । तर, नेपाली शिक्षा क्षेत्रले प्रयोग गरिरहेका कतिपय परम्परागत पद्धति र प्रणालीहरुमा अहिले उल्लेख्य सुधार हुन सकेको छैन । यही तथ्यलाई मनन गर्दै नेपाल एडुफेयर डटकमले (nepaledufair.com) नेपालको शैक्षिक क्षेत्रमा आधारित भएर निरन्तर सञ्चालन भइरहेका शैक्षिक मेलाहरुलाई सुचना प्रविधिसँग जोड्ने प्रयास गरेको छ ।

## २) के हो नेपाल एडुफेयर डटकम ?

सरल रुपमा भन्नुपर्दा नेपाल एडुफेयर डटकम घरमै बसीबसी वा ईन्टरनेट उपलब्ध भएको संसारको जुनसुकै कुनाबाट आफ्नो मोवाईल, कम्प्यूटर, ल्यापटप वा ट्याब मार्फत सम्वन्धित शैक्षिक संस्थाको बारेमा सम्पूर्ण जानकारी प्राप्त गर्न सकिने वेभ साईट हो । यसको मुख्य विशेषता भनेको यो वेब साईट मार्फत सम्वन्धित शैक्षिक संस्थाको भर्चुअल टुर गर्न सकिन्छ । अर्थात तपाईले एडुफेयरडटकम लगईन गरेपछि एडुफेयरमा समावेश भएका सम्वन्धित शैक्षिक संस्थाकोभवन, क्लासरुम, ल्याव, लाईब्रेरीदेखि फ्याकल्टी मेम्बर लगायत सम्पूर्ण जानकारी प्राप्त गर्न सकिन्छ । अर्थात भर्चुअल टुर मार्फत सम्वन्धित स्कुल वा कलेजको भवन कत्रो छ कस्तो रंगको छ देखि लाईब्रेरीमा कस्ता कस्ता कितावहरु छन् र ल्याबमा के के इक्यूपमेन्ट छ लगायतका कुराहरु प्रत्यक्ष रुपमा देख्न पाईन्छ ।

सम्वन्धित कलेज वा विद्यालयको भौतिक अवस्थित बारे जानकारी प्राप्त गर्न भर्चुअल टुर मार्फत प्रत्यक्ष दृष्यावलोकन गर्न सकिन्छ । सम्वन्धित स्कुल वा कलेजको जे जस्तो अवस्था छ, सोही नै भर्चुअल टुरमा समावेश हुने हुँदा यसबाट प्राप्त हुने जानकारी सतप्रतिशत सही र सत्य हुनेछ ।

नेपाल एडुफेयर डटकमले आवश्यकता र सन्दर्भमा आधारित रहेर भर्चुअल शैक्षिक मेलाको आयोजना गर्दछ । उदाहरणको लागि एसईई परीक्षाको परीक्षाफल प्रकाशित भएपछि प्लस टुलाई लक्षितगरी भर्चुअल मेला आयोजना गरिन्छ भने प्लस टुको परिक्षाफल प्रकाशित भएपछि स्नातक (Bachelor) तहलाई लक्षितगरी भर्चुअल मेलाहरु आयोजना गरिन्छ । यसरी मेलाहरु आयोजना गरिँदा बिज्ञान, (Science) ब्यवस्थापन, (Management) मानविकि (Humanities) सूचना प्रविधि (Information Technology) ईन्जिनियरिङ (Engineering) लगायतका विषयहरु अध्ययन अध्यापन गराउने विद्यालय तथा कलेजहरुको छुट्टाछुट्टै फेयर आयोजना गरिन्छ । उहाहरणको लागि सात दिन ब्यवस्थापन शिक्षण गराउने ३० वटा कलेजहरुको मात्रै फेयर आयोजना गरिन्छ भने अर्को सात ईन्जिनियरिङ मात्रै अध्ययन गराउने कलेजहरुको फेयर आयोजना गरिन्छ । यसरी विषयगत आधारमा फेयर आयोजना गरिदाँ ब्यवस्थापन पढ्छु भन्ने विद्यार्थीले ब्यवस्थापन पढाउने २५ वटा कलेजहरुबाट आफूलाई मन लागेको कलेज रोज्न पाउनेछ ।

हाल तय गरिए अनुसार बैशाख, जेष्ठ र असार महिनामा ए लेभल र कक्षा ११ को अध्ययन अध्यापन गरिने कलेजको फेयर सञ्चालन गरिनेछ भने साउन, भदौ, असोज र कार्तिक महिनामा स्नातक अर्थात ब्याचलर लेभल अध्ययन गराउने कलेजहरुको शैक्षिक मेला सञ्चालन गरिन्छ । मंसिर, पुष, माघ, फागुन र चैत महिनामा प्ले ग्रुप देखि कक्षा १० सम्म अध्ययन गराउने स्कुलहरुको शैक्षिक मेला सञ्चालन हुन्छ ।

**३) नेपाल एडुफेयर डटकमको आयोजक को हो ?**

नेपाल एडुफेयर डटकमको आयोजक shilapatra.com अनलाईन पत्रिका हो । नेपालका उत्कृष्ट अनलाईन पत्रिकाहरु अन्तर्गत पर्ने shilapatra.com ले शैक्षिक क्षेत्र सम्वद्ध विषय र मुद्धालाई उच्च प्राथमिकता दिँदै आएको छ । देशव्यापी सञ्चारकर्मीहरुको नेटवर्क सहित सञ्चालित शिलापत्र डटकम आयोजक रहेका कारण नेपाल एडुफेयर डटकमबारे आवश्यक जानकारी र सुचना हासिल गर्न shilapatra.comसमेत लगइन गर्न सकिन्छ ।

**४) नेपाल एडुफेयर डटकम भिजिटगर्दा विद्यार्थीहरुले के के लाभ प्राप्त गर्दछन् ।**

कुनै पनि शैक्षिक मेला मार्फत विद्यार्थीहरुले प्राप्त गर्ने मुख्य विषय भनेकै सुचना वा जानकारी हो । यस नेपाल एडुफेयर डटकम मार्फत पनि विद्यार्थीहरुले फेयरमा सहभागि भएको शैक्षिक संस्थाको विषयमा जानकारी प्राप्त गर्नेछन् । यस फेयरमा भर्चुअल टुरको प्रयोग गरिने हुँदा विद्यार्थीहरुले सम्वन्धित शैक्षिक संस्थाको प्रत्यक्ष अर्थात लाईभ दृष्यावलोकन गर्न सक्छन् । मुख्यतः nepaledufair.comलगईन गरेर **Apply For Shilapatra Ujjwal Scholarships**फर्म भरेपछि विद्यार्थीले पूर्ण छात्रवृत्तिको समेत अवसर प्राप्त गर्नेछन् ।

क) विद्यार्थीहरुको जिज्ञासामा सम्वन्धित शैक्षिक संस्थाको प्रिन्सिपल, काउन्सिलर वा ब्यवस्थापनले च्याट मार्फत जानकारी र परामर्श प्रदान गर्न सक्छन् । जस मार्फत विद्यार्थीहरुले उचित परामर्श सेवा समेत प्राप्त गर्ने छन् ।

ख) परम्परागत एजुकेसन फेयरहरुमा स्कुल वा कलेजको बुकलेट, ब्रोसर वा प्रचार सामाग्री प्राप्त गर्ने र स्कुल वा कलेजका प्रतिनिधिसँग प्रत्यक्ष संवाद गर्न पाईन्थ्यो । यस फेयरमा त झन् भर्चुअल टुर मार्फत सम्वन्धित कलेजको भवन, ल्याब, लाईब्रेरी देखि सम्पूर्ण वस्तु र अवस्थाको प्रत्यक्ष दृष्यावलोकन गर्न सकिन्छ ।

ग) नेपाल एडुफेयर nepaledufair.comमा रहेको **Apply For Shilapatra Ujjwal Scholarships**फर्म भरेपछि शिलापत्र उज्ज्वल छात्रवृत्ति समेत पाईन्छ । जुन पाएपछि विश्वविद्यालयको परिक्षा शुल्क बाहेक कलेजमा लाग्ने कुनै पनि शुल्क तिर्नु पर्दैन ।

घ) नेपाल एडुफेयर nepaledufair.comमा रहेको **Apply For Shilapatra Ujjwal Scholarships**फर्म भरेपछि विभिन्न आकर्षक पुरस्कारहरु समेत प्राप्त गर्न सकिन्छ ।

## ६) एडुफेयर करिअर सेन्टर

कुनै पनि वालवालिका वा विद्यार्थीलाई 'पढ' वा 'पढ्नुपर्छ' भनेर मात्र हुँदैन उनीहरुलाई किन पढ्ने ? कसरी पढ्ने र पढेपछि पनि स्थापित हुन आफूलाई के कसरी प्रस्तुत गर्ने ? लगायतका विषयमा जानकारी दिनुपर्छ । अर्कोतर्फ उनीहरुलाई आसावादी र उत्प्रेति गराउन सकियो भने मात्रै विद्यार्थीहरुले रुचिकर रुपमा पढ्न सक्छन् । तसर्थ नेपाल एडुफेयर मार्फत विद्यार्थीहरुलाई स्कुल वा कलेजको सूचना सँगसँगै अन्य शैक्षिक जानकारीहरु समेत प्रदान गरिनेछ । जसअनुरुप विश्व बजारमा अति महत्व राख्ने र नेपालका कलेजहरुमा पढाई भइरहेका ५० वटा विषयहरुको सम्पूर्ण जानकारी नेपाल एडुफेयरमा उपलब्ध हुनेछ । जस मार्फत विद्यार्थीहरुले प्लस टु पश्चात कुन विषय पढ्ने ? उक्त विषय कहाँ कहाँ पढाई हुन्छ ? त्यसको स्कोप कति छ ? पढ्न कति खर्च लाग्छ ? पढेपछि कुन कुन क्षेत्रमा करिअर बनाउन सकिन्छ जस्ता जानकारीहरु प्राप्त गर्छन् । अर्कोतर्फ नेपालका लब्ध प्रतिष्ठित ब्यक्तित्वहरु जसले आफ्नो बिधागत क्षेत्रमा उच्चतम उपलब्धी हासिल गर्नु भएको छ, उहाँहरुको अन्तरवार्ता समेत राखिएको छ । जसमा विज्ञान क्षेत्रका अभियन्ता महावीर पुन, साहित्यकार सुविन भट्टराई, गायक धिरज राई, मेमोरी किङ अर्पण शर्मा, डाक्टर भोला रिजाल, शिक्षाविद प्रा.डा. विद्यानाथ कोइराला, पूर्व डिआईजी रमेश खरेल, संविधानविद् डाक्टर भिमार्जुन आचार्य, गीतकार तथा लेखक प्रा.डा. कृष्णहरी बराल, निल डेभिड, गायिका आनी छोइङ डोल्मा लगायतका ब्यक्तित्वहरुको अन्तरवार्ता राखिएको छ । उक्त अन्तरवार्तामा उहाँहरुको वाल्यकाल कस्तो थियो ? उहाँहरुले कसरी पढ्नु भो ? कसरी सफलताको शिखरमा पुग्नु भो ? सफलतासम्म पुग्नका लागि के कस्ता संघर्षहरु गर्नुभयो ? लगायतका सन्दर्भहरु छन् । त्यसैगरी बर्तमान पुस्ताले कसरी पढ्ने ? आफूलाई सफलतासम्म पुऱ्याउन के के गर्ने लगायतका विषयमा उहाँहरुले परामर्ष र सुझाव समेत दिनु भएको छ । समाज वा राष्ट्रको उच्च तहसम्म पुग्नु भएका विभिन्न ब्यक्तित्वहरुले प्रदान गर्नु भएको विचार र परामर्षले विद्यार्थीहरु पठन पाठन र ब्यक्तित्व विकासमा उत्प्रेरकको भूमिका निर्वाह गर्ने छ ।

## ७) शिलापत्र उज्ज्वल छात्रवृत्ति

शिलापत्र उज्ज्वल छात्रवृत्ति शिलापत्र डटकमको सामाजिक उत्तरदायित्वसँग सम्वन्धित विषय पनि हो । आफ्नो समाज वा राष्ट्रलाई संघ संस्था वा ब्यक्तिले गैर नाफामुलक रुपमा सेवा गर्नुपर्छ भन्ने सामाजिक कर्तब्य वा दायित्वमा आधारित भएर शिलापत्र उज्ज्वल छात्रवृत्तिको स्थापन गरिएको हो । जस अनुसार शिलापत्र उज्ज्वल छात्रवृत्तिले विभिन्न तह र संकायमा अध्ययन गर्ने कम्तिमा पनि ५० विद्यार्थीहरुलाई हरेक बर्ष पूर्ण छात्रवृत्ति प्रदान गर्ने लक्ष्य लिएको छ । यस छात्रवृत्तिले जेहेन्दार, आर्थिक समस्याका कारण पढाईमा बाधा झेलिरहेका लगायतका विद्यार्थीहरुको उच्च शिक्षाका लागि ठुलो सहयोग पुऱ्याउने अपेक्षा गर्न सकिन्छ । मुलतः यो छात्रवृत्ति प्राप्त गर्नका लागि नेपाल एडुफेयर डटकमको साइट भिजिट गरेर त्यहाँ रहेको फर्म भर्नु पर्नेहुन्छ ।

**८)शिलापत्र उज्ज्वल छात्रवृत्ति (स्नातक तह)**

शिलापत्रले आवश्यकता र सन्दर्भ अनुरुप विभिन्न तह र संकायमा आधारित एजुकेसन फेयर आयोजना गर्दछ । जस अनुरुप स्नातकतह अध्ययन अध्यापन गराउँदै आएका कलेजहरुलाई सहभागि गराएर छिटै एक एजुकेसन फेयरको आयोजना हुन गइरहेको छ । उक्त एजुकेसन फेयरमा ८ वटा विषयत छात्रवृत्तिहरु प्रदान गरिने छन् ।

**९)शिलापत्र उज्ज्वल छात्रवृत्ति (स्नातक तह) अन्तर्गत प्रस्तुत गरिने विधागत छात्रवृत्ति**

- BBA - १ जना
- BIT- १ जना
- BBM - १ जना
- BHM - १ जना
- BBM- १ जना
- BTTM- १ जना
- BSW- १ जना
- BBS - १ जना

**१०) शिलापत्र उज्ज्वल छात्रवृत्ति (स्नातक तह) कसरी प्राप्त गर्न सकिन्छ ?**

सबैभन्दा पहिला त nepaledufair.comलगईन गरेर **Apply For Shilapatra Ujjwal Scholarships**फर्म भर्नुपर्छ । फर्म भर्दा आफूले पढ्न चाहेको विषय छनौट गर्नुपर्छ । विद्यार्थीले फम भर्दा उल्लेख गरेको फोन नम्वर र इमेलको आधारमा नेपाल एडुफेयरले हरेक विद्यार्थीलाई लिखित परिक्षा हुने स्थान र समयको जानकारी दिनका लागि सम्पर्क गर्नेछ । लिखित परीक्षा पश्चात स्कलरसिप ईन्टरभ्यू मार्फत छात्रवृत्ति छनौट गरिन्छ ।

**११) शिलापत्र उज्ज्वल छात्रवृत्ति (स्नातक तह) मा छात्रवृत्ति पाउने विद्यार्थीको छनौट कसरी हुन्छ ?**

nepaledufair.comमार्फत फर्म भरेका सम्पूर्ण विद्यार्थीहरु छात्रवृत्ति छनौट परीक्षाका लागि योग्य मानिनेछन् । फर्म भरेका विद्यार्थीलाई nepaledufair.comको तर्फबाट छात्रवृत्ति छनौट परीक्षाको लागि निश्चित मिति, स्थान र समयमा आउन सुचित गरिनेछ । बिद्यार्थी परिक्षामा आउँदा अनुहार पहिचान हुने कुनै पनि परिचयपत्र बोकेर आउनुपर्छ । छात्रवृत्ति परीक्षासञ्चालनका लागि स्वतन्त्र परीक्षा सञ्चालन कमिटिको स्थापना गरिनेछ । उक्त कमीटीले विद्यार्थीको परीक्षा सञ्चालन गर्छ भने अर्को त्यस्तै स्वतन्त्र कमिटीले कपी जाँच र विद्यार्थीहरुको एसईई/एसएलसी, ११ र १२ कक्षा ग्रेडको मुल्याङकन गरेर नतिजा प्रकासन गर्नेछ । उक्त नतिजा पश्चात मौखिक परीक्षा लिएर अन्तिम नतिजा प्रकाशन गरिनेछ ।

**११) शिलापत्र उज्ज्वल छात्रवृत्ति (स्नातक तह) मा के कस्ता विद्यार्थीहरुले  आवेदन भर्न सक्छन् ?**

प्लस टु पास गरेका र सम्वन्धित विषय पढ्नका लागि कुनै पनि नीतिगत ब्यवस्थाले बाधा नगर्ने विद्यार्थीहरुले नेपाल एडुफेयर डटकम मार्फत फर्म भर्न सक्नेछन् । अति विपन्न तथा अल्पसंख्यक र सीमान्तकृत समुदायका जेहेन्दार विद्यार्थीहरुलाई विशेष प्राथमिकता दिइनेछ ।

**१२) शिलापत्र उज्ज्वल छात्रवृत्ति परीक्षामा समावेश गरिने प्रश्नहरु के कस्ता हुन्छन् ?**

त्रिभुवन विश्वविद्यालयले लिने CMAT परीक्षाकोढाँचा अनुरुपका प्रश्नहरु सोधिने छ भने लिखित परीक्षाको पूर्णाङ्क ५० रहनेछ । त्यसैगरी विद्यार्थीको एसईईमा प्राप्त ग्रेडलाई १० र ११ र १२ को औषत ग्रेडलाई १० र मौखिक परीक्षा (अन्तरवार्ता) मार्फत ३० गरी कुल १०० पूर्णाङ्कको छात्रवृत्ति छनौट परीक्षा हुनेछ ।

**१३) शिलापत्र उज्ज्वल छात्रवृत्तिमा फर्म भरेपछि कलेज तथा विश्वाविद्यालयले लिने CMAT वा अन्य परीक्षाहरु दिनुपर्छ कि पर्दैन ?**

पर्छ, कलेज वा विश्वविद्यालयले लिने सम्पूर्ण परीक्षाहरुमा सम्वन्धित विद्यार्थी सहभागि हुनैपर्छ । कलेज वा विश्वविद्यालयले तोकेको मापदण्ड विद्यार्थी स्वयंमले पुरा गर्नुपर्छ । शिलापत्र उज्ज्वल छात्रवृत्तिले सम्वन्धित विद्यार्थीले कलेजमा अध्ययन गर्दा लाग्नेशुल्क मात्रै सम्वन्धित बिद्यार्थीलाई निशुल्क गरिदिने हो । अन्य सम्पूर्ण शैक्षिक मापदण्ड विद्यार्थीले पुरा गरेकै हुनुपर्छ ।